# तिलोत्तमानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रुपन्देही, लुम्बिनी प्रदेश नेपाल
## दरभाउपत्र/बोलपत्र आव्हान सम्बन्धि सूचना

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

सूचना नं. ०८/०७७/०७८ योजना

प्रथम पटक प्रकाशित मिति २०७७।०८।२३

यस नगरपालिकाबाटचालु आ. ब.०७७/ ०७८ का लागि स्विकृत बजेट अन्तर्गत तपसिल बमोजिमको निर्माणकार्य बोलपत्रद्धारा गराउनुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही दरभाउपत्र/बोलपत्र पेश गर्नकालागि यो सुचना प्रकाशित गरीएको छ।

शर्तहरु :-

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) एन.आई.सी. एसिया बैंक मणिग्रामशाखा स्थित1052055499599012 मा जम्मा गरि निर्माण व्यवसायी व्यवसाय नविकरणभएको इजाजतपत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिइ यो सुचना पत्रिकामा प्रथमपटक प्रकासित भएको मितिले दरभाउपत्रको १५( पन्ध्रौं) र बोलपत्रको ३० (तिसौं) दिन कार्यालय समयसम्म बिधुतीय दरभाउपत्र/बोलपत्र www.bolpatra.gov.np बाट फाराम खरिद गर्न सकिनेछ।

२. यस कार्यालयबाट खरिद गरेको फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्र नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बोलपत्रको ३१ (तिसौं)र दरभाउपत्रको १६ (सोह्रौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्र/ दरभाउपत्र सोही दिनको २:०० बजे बोलपत्र/दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्र/दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र/दरभाउपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खरिद, दाखिला र खोल्ने कार्य हुने छ।

३. सिलबन्दी बोलपत्र/दरभाउपत्र साथ हुन आउने तपसिलमा उल्लेखित जमानत बापतको रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैंक मणिग्राम शाखा स्थित धरौटी खाता नं A5CA549959952403मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा दरभाउपत्रको कम्तिमा ९० (नब्बे) र बोलपत्र को १२० ( एक सय बिस)दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ।

४. बोलपत्र/दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत र छाप भएको हुनु पर्ने छ।

५. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन।

६. दरभाउपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

७. बोलपत्र/दरभाउपत्र दर्ता गर्नु अगावै सम्बन्धित व्यवसायीहरुबाट साइट निरिक्षण गरी आवश्यक जानकारी लिन सकिने छ।

८. बोलपत्र/दरभाउपत्र को डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन।

९. प्राप्त सिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ।

१० यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्बजनिक खरीद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

### तपसिल

| सि. नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर र कन्टिजेन्सी समेत) रु. | बोलपत्रजमानत रकम रु | बोलपत्रदस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | NCB /TM ११/०७७/०७८ | बरवलीया ठठरिहवा सडक कालोपत्रे वडा नं. १७ | ४९,९९,७३७. | १,२५,०००. | ३००० | बिद्युतीय बोलपत्र |
| २ | NCB/TM १२/०७७/०७८ | कुञ्जलापुर, पश्चिम पहुनी र क्याम्पस मार्ग सडक मर्मत वडा नं. ६ | ४९,४१,०९३. | १,२५,०००. | ३०००. | बिद्युतीय बोलपत्र |
| ३ | NCB /TM १३/०७७/०७८ | मुडियारी जहदा सडक स्तरउन्नती वडा नं. १७ | ४९,९९,६०१. | १,२५,०००. | ३००० | बिद्युतीय बोलपत्र |
| ४ | NCB/TM १४/०७७/०७८ | पत्थरडाँडा पुर्व सडक कालोपत्रे वडा न. १७ | ४९,९९,२९७. | १,२५,०००. | ३००० | बिद्युतीय बोलपत्र |
| ५ | NCB/TM १५/०७७/०७८ | लक्ष्मी पथ नाला निर्माण तथा सडक कालोपत्रे वडा नं. २ | ४९,६३,०७९. | १,२५,०००. | ३००० | बिद्युतीय बोलपत्र |
| ६ | NCB /TM १६/०७७/०७८ | जनता मा. बि. भवन निर्माण वडा नं. १३ | ३६,४९,०८०. | ९२,०००. | ३००० | बिद्युतीय बोलपत्र |
| ७ | NCB/TM १७/०७७/०७८ | सीता राइसमील पश्चिम ताजमिरा पथ सडक स्तरउन्नती वडा न ३ | ४९,९९,७५७. | १,२५,०००. | ३००० | बिद्युतीय बोलपत्र |
| ८ | SQ /TM १८/०७७/०७८ | बरपिपल पथ सडक मर्मत वडा नं. २ | १७,९९,४४१. | ४५०००. | १००० | बिद्युतीय दरभाउपत्र |